नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# क्षेत्रीय शिक्षा निर्देशनालय

पश्चिमाञ्चल, पोखरा
*(विद्यालय व्यवस्थापन शाखा)*

प.सं. : ०७२/७३
च.नं. : ६०८

अत्यन्त जरुरी

नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग क्षेत्रीय शिक्षा निर्देशनालय पश्चिमाञ्चल,पोखरा

मिति:२०७२।११।२८

**विषय : विद्यालय अनुमति सम्वन्धमा ।**

**१६ वटै जिल्ला शिक्षा कार्यालयहरु**
**पश्चिमाञ्चल ।**

प्रस्तुत विषयमा आगामी शैक्षिक सत्र २०७३ का लागि नया विद्यालय (संस्थागत) खोल्न वा तह/कक्षा थप गर्न मन्त्रालयबाट संख्या निर्धारण गर्ने प्रयोजनार्थ शिक्षा विभागको च.नं. ७० मिति २०७२/११/२८ को पत्रमा उल्लेख भए वमोजिमको विवरण तयार गरी मिति २०७२/१२/१० भित्र अनिवार्यरुपमा उपलब्ध गराई दिनुहुन भनि अनुरोध भै आएकाले उक्त पत्रको प्रतिलिपी यसै साथ संलग्न गरी पठाईएको छ । पत्रमा माग भएवमोजिमको विवरण यथाशिघ्र तयार गरी छिटो साधन मार्फत यस निर्देशनालयमा मिति २०७२/१२/७ भित्र पठाईदिनुहुन साथै सामुदायिक विद्यालयको हकमा पनि शिक्षा नियमावलि २०५९(संशोधन सहित) को नियम ३ मा उल्लेख भएका पूर्वाधार पुरा भएका विद्यालयहरुलाई मात्र अनुमतिका लागि कोटा माग गर्नु हुन जानकारीका लागि अनुरोध छ ।

बोधार्थ
श्री शिक्षा विभाग
संस्थागत विद्यालय व्यवस्थापन शाखा
सानोठिमी,भक्तपुर ।

२०७२।११।२८
का.मु. निर्देशक
( विष्णुप्रसाद अधिकारी )
का.मु. निर्देशक

2002 01/25 18:48 #7610 P.001

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
(संस्थागत विद्यालय व्यवस्थापन शाखा)
सानोठिमी भक्तपुर

प.सं : २१/ ०७२/७३

च.नं : ८०

मिति : २०७२।११।२८

विषय : विद्यालय अनुमति सम्बन्धमा ।

श्री क्षेत्रीय शिक्षा निर्देशनालयहरु

५ ओटै ।

प्रस्तुत विषयमा संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ शिक्षा मन्त्रालयद्वारा जारी भई कार्यान्वयनकोलागि शिक्षा विभागको वेवसाइटमा राखिनुका साथै सो को कार्यान्वयन गर्न गराउन शिक्षा विभाग संस्थागत विद्याललय व्यवस्थापन शाखाको च नं ६७ मिति २०७१।११।१७ मा सवै क्षे.शि.नि. हरूलाई फ्याक्स मार्फत निर्देशन पठाइ सकिएको र सो पत्र समेत शिक्षा विभागको वेव साइट www.doe.gov.np मा राखिएको व्यहोरा अनुरोध छ ।

उक्त निर्देशिकाको बुँदा नं ४.५ मा विद्यालयको न्यूनतम मापदण्ड तोकिएको र बुँदा १५ क. मा नया विद्यालय खोल्नेको हकमा यसै कार्यविधिमा उल्लेखित विद्यालयको न्यूनतम मापदण्ड पुरा नगरी विद्यालय खोल्ने अनुमति दिइने छैन भनी उल्लेख भएको र बुँदा १५ ख. मा अनुमति लिई सञ्चालन भएका र कक्षा/ तह थपको प्रक्रियामा रहेका विद्यालयहरुको हकमा समेत विद्यालयको न्यूनतम मापदण पुरा नगरी कक्षा तह थपको अनुमति नदिने प्रावधान रहेको,शिक्षा नियमावलि २०५९को नियम ७७ अनुसारको विद्यार्थी सङ्ख्या तथा विद्यालय नक्साङ्कन प्रतिवेदन अनुसार नया विद्यालय खोल्नु पर्ने वा तह /कक्षा थप गर्नुपर्ने औचित्य सन्दर्भमा समेत पुष्ट्याइ सहित स्पष्ट किटान गरी आगामी शैक्षिक सत्र २०७३ को लागि शिक्षा मन्त्रालयबाट संख्या निर्धारण गर्ने प्रयोजनार्थ आफ्नो क्षेत्र अन्तर्गतका जिल्लागतरुमा प्रा वि/ नि मा वि र मा वि को तपसिलको विवरण २०७२।१२।१० भित्र अनिवार्यरुपमा शिक्षा विभागमा फ्याक्स मार्फत उपलब्ध गराइ दिनुहुन निर्देशानुसार अनुरोध छ । तोकिएको मितिमा विवरण प्राप्त नभएमा सो सम्बन्धमा कार्वाही अगाडी बढाउन नसकिने व्यहोरा समेत अनुरोध छ ।

तपसिल

| सि नं | जिल्ला | विद्यालयको नाम | माग गरेको कक्षा | पूर्वाधारको पुष्ट्याई | अनुमति दिनु पर्ने कारण |
|---|---|---|---|---|---|
| | | | | | |

उप-महानिर्देशक

बोधार्थ

श्री शिक्षा मन्त्रालय सिंहदरवार काठमाण्डौ